annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २७५, पृष्ठ १२ | काठमाडौं, बिहीबार २९ माघ २०८२ | फाल्गुण कृष्णपक्ष एकादशी, नेपाल संवत् ११४६ | THURSDAY, FEBRUARY 12, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# डिपफेकको गोली आयोगसँग छैन टेक्नोलोजी




निर्वाचन लक्षित भ्रामक सूचना र डिपफेक भिडियोको बाढी छ- सामाजिक सञ्जालमा । सुनियोजित रूपमा कसैको चरित्र हत्या गर्नेदेखि उम्मेदवारको चाकडीसम्मका यस्ता भिडियो सामग्री नियन्त्रण गर्न निर्वाचन आयोगले पनि सकेको छैन । आयोगले भिडियो सामग्री नियन्त्रणका विषयमा केही गर्न नसकिने भन्दै हात उठाएपछि निर्वाचनको स्वतन्त्रता र निष्पक्षतामाथि पनि प्रश्न नउठ्ला भन्न सकिन्न ।

**अजवी पौडयाल** | *काठमाडौं*

समाचार पृष्ठ २

## निष्पक्षतामाथि आक्रमण आयोगको आँखा कता ?

विश्लेषण

**विपुल पोखेल**



मुलुक यतिबेला निर्वाचनको सम्पूर्ण तयारीमा छ। मतदाताहरू निर्वाचनको दिन पर्खेर बसेका छन्। नयाँ परिवेशमा हुँदै गरेको यो निर्वाचनले दिने जनमत सबैको प्रतीक्षाको विषय बनेको छ। यसकारण यो निर्वाचन विशेष अवसरका रूपमा उपस्थित छ।

तर, अवसरमात्र पनि छैन। यही चुनावमा एउटा विशेष खालको चुनौतीसमेत खडा छ। इन्टरनेटको सहज र व्यापक उपस्थितिले सामाजिक सञ्जाल तथा एआईसम्मको गलत अभ्यास व्यापक छ। यो निर्वाचन ती माध्यमको गलत प्रयोग गरेर वास्तविकभन्दा पनि निर्देशित जनमत दिने बिन्दुमा पुग्छ कि भन्ने चिन्ता यतिबेला व्यापक छ। ती माध्यमहरूबाट गलत सूचना, डिपफेक, घृणात्मक अभिव्यक्ति र एल्गोरिदमद्वारा प्रवर्द्धित नकारात्मक सामग्रीले निर्वाचनको वातावरणलाई प्रदूषित गरिरहेको छ।

समयमै यो कुरामा सरोकारवालाको गाम्भीर्यता देखिएन भने त्यसले विवेकपूर्ण मतदानको अवस्थामा नागरिकलाई उभ्याउन सकस हुने देखिन्छ। यस्ता चुनौतीहरूलाई समयमै सम्बोधन गर्नु आजको आवश्यकता हो, तर दुर्भाग्यवश यस सन्दर्भमा निर्वाचन आयोगको सक्रिय र स्पष्ट भूमिका अझै देखिन सकेको छैन। यस्तो प्रवृत्तिको विपक्षमा उभिनका लागि नागरिकलाई नै प्रोत्साहित गर्ने अभियान र प्लेटफर्महरूसमेत तयार गर्न पर्ने महसुस हुन थालेको छ। निर्वाचन आयोगले कानुनको सहारामात्र नभएर मतदाता साक्षरताको एउटा अंगको रूपमा यो विषयलाई लिनुपर्थ्यो। सामाजिक सञ्चालमा आउन सक्ने सन्देशबाट जोगिएर तथ्य जाँच गर्न सक्ने उपाय खोजी हुनुपर्थ्यो।

सामाजिक सञ्जाल लोकतन्त्रका लागि अवसर त हो नै सँगै यो एउटा चुनौती पनि रहेछ भन्ने कुरा यसको अभ्यासले देखाउँदै आएको छ। यसले आम नागरिकलाई अभिव्यक्ति दिने सशक्त माध्यम दिएको छ, तर त्यही माध्यम दुरुपयोग हुँदा लोकतन्त्रकै आधार कमजोर बन्न सक्छ।

» बाँकी पृष्ठ ६

## ५ लाख आप्रवासीलाई कानुनी मान्यता दिने स्पेनको निर्णय विवादमा



**म्याड्रिड** (एजेन्सी): युरोपेली आयोगले स्पेन सरकारले अघि बढाएको आप्रवासी नियमितीकरण योजनाले अन्य सदस्य राष्ट्रहरूमा नकारात्मक प्रभाव पार्न नहुने स्पष्ट पारेको छ। आयोगले यस्तो कदमले युरोपेली संघभित्रको आवतजावत र आप्रवासन व्यवस्थापनमा असन्तुलन सिर्जना गर्न सक्ने भएकाले सावधानी अपनाउनुपर्ने जनाएको हो।

स्पेन सरकारले करिब ५ लाख अवैध रूपमा बसोबास गरिरहेका आप्रवासीहरूलाई कानुनी मान्यता दिने योजना स्वीकृत गरेको छ। स्पेनको सरकारका अनुसार यस कदमले देशभित्र श्रमबजार व्यवस्थापन, सामाजिक सुरक्षा दायराको विस्तार तथा अवैध बसोबासको समस्या समाधानमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

यद्यपि, युरोपेली संघका आन्तरिक मामिला तथा आप्रवासन आयुक्तले युरोपेली संसद्मा बोल्दै एक सदस्य राष्ट्रले आफ्नै आवश्यकताअनुसार नीति निर्माण गर्न सक्ने भए पनि त्यसले अन्य सदस्य राष्ट्रहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष असर पार्न नहुने बताएका छन्। उनले विशेष गरी नियमितीकरणबाट लाभान्वित व्यक्तिहरूले अन्य सदस्य राष्ट्रहरूमा गएर अवैध रूपमा बसोबास गर्ने सम्भावनाबारे चिन्ता व्यक्त गरे। आयुक्तका अनुसार यदि कुनै व्यक्ति स्पेनबाट कानुनी मान्यता पाएपछि अर्को सदस्य राष्ट्रमा अवैध रूपमा बसोबास गरेको पाइएमा, त्यस्ता व्यक्तिलाई अनुमति दिएको देशमै फर्काइने व्यवस्था लागू गरिनेछ। उनले युरोपेली संघभित्र आप्रवासनसम्बन्धी सहकार्य, समन्वय र साझा नियमहरूको पालना अत्यावश्यक रहेकोमा जोड दिए।

युरोपेली आयोगले सुरक्षित, कानुनी र व्यवस्थित आप्रवासन प्रणाली निर्माण गर्नु अहिलेको प्रमुख प्राथमिकता रहेको जनाएको छ। साथै, अवैध आप्रवासन नियन्त्रण, सीमाको प्रभावकारी व्यवस्थापन तथा फिर्ता प्रक्रिया सुदृढ बनाउन विद्यमान नियमहरू कडाइका साथ कार्यान्वयन गर्नुपर्ने उल्लेख गरेको छ।

स्पेनको यो निर्णयले युरोपेली संघभित्र आप्रवासन नीतिबारे पुनः बहस चर्काएको छ। केहीले यसलाई मानवीय दृष्टिकोणबाट सकारात्मक कदम मानेका छन् भने कतिपयले यसले अन्य देशहरूमा आप्रवासीको चाप बढ्न सक्ने तर्क गरेका छन्।

# सर्वोच्चले डोल्माको कर छुट रोक्यो

## एमाले नेता गुरुङसहितको लगानीमाथि प्रश्न

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले डोल्मा इम्प्याक्ट फन्डलाई कर छुट दिने कुनै निर्णय कार्यान्वयन नगर्न दिएको अन्तरिम आदेशलाई बुधबार निरन्तरता दिएको छ।

न्यायाधीशद्वय महेश शर्मा पौडेल र बालकृष्ण ढकालको संयुक्त इजलासले यसअघि एकल इजलासबाट जारी अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको हो। सर्वोच्चले तत्कालका लागि कर नतिरी रकम विदेश लैजानसमेत रोक लगाउँदै सरकारका नाममा अन्तरिम आदेश दिएको हो। सरकारले ८३ करोडभन्दा बढी पुँजीगत लाभकर छुट दिने विवादास्पद निर्णय गरेको थियो।

गत पुस २४ गते न्यायाधीश महेश शर्मा पौडेलको एकल इजलासले अल्पकालीन अन्तरिम आदेश दिँदै विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्न भनेको थियो। छलफलमा बोलाएका दुवै पक्षको बहसपछि सर्वोच्चले यसअघिको अन्तरिम आदेशलाई निरन्तरता दिएको हो। बहसका क्रममा रिट निवेदक पक्षका कानुन व्यवसायीहरू नेपालमा मुनाफा आर्जन गर्ने तर कर नै नतिरी रकम लैजाने कार्य गैरकानुनी भएकाले कर असुल हुनुपर्ने जिकिर



गरेका थिए। सरकारले कर छुटसम्बन्धी विवादास्पद निर्णयका कारण नेपालले कम्तीमा ८३ करोड ३५ लाख रुपैयाँ बराबरको राजस्व गुमाउने जोखिममा रहेको थियो। मौरिससमा दर्ता भएको डोल्मा इम्प्याक्ट फन्डमार्फत नेपालमा गरिएको लगानीलाई लाभकर छुट दिने प्रस्ताव मन्त्रिपरिषदबाट पारित गरिएपछि यो विषय विवादित बनेको थियो। डोल्मालाई कर छुट दिन सरकारले नेपाल-मौरिससबीच सन् १९९१ मा भएको दोहोरो करमुक्ति सम्झौता नै खारेज गर्ने निर्णय गरेको थियो।

पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले 'ट्याक्स हेभन कन्ट्री' मौरिससको 'सेल कम्पनी' मार्फत नेपालमा लगानी ल्याएको कम्पनीलाई आयकर छुट दिने निर्णयविरुद्ध सर्वोच्चमा रिट निवेदन दायर भएको थियो। सरकारले दोलखाका एमाले नेता पार्वत गुरुङको अगुवाईमा सञ्चालित हाइड्रो मकर जितुमाया हाइड्रोपावर कम्पनीसहितका कम्पनीलाई कर छुट गर्ने निर्णय गरेको हो।

उक्त कम्पनीको नाम गुरुङका पिता-माताकै नाममा राखिएको छ। गत पुस २३ गते भेषराज लुइँटेलले रिट निवेदन दायर गरेका थिए। रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अर्थ मन्त्रालय कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, आन्तरिक राजस्व विभाग, प्रधानमन्त्री सुशीला कार्की, अर्थमन्त्री रामेश्वरप्रसाद खनाल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा, अर्थ सचिव घनश्याम उपाध्याय, महान्यायाधिवक्ता सविता भण्डारीलगायतलाई विपक्षी बनाइएको छ। आयकर ऐन, २०५८ अनुसार नेपालमा भएको लगानीबाट प्राप्त लाभमा नेपालमै कर तिर्नुपर्छ। नेपालको आयकर ऐन, २०५८ अनुसार २५ प्रतिशत पुँजीगत लाभकर लाग्ने भएपछि त्यसबाट उन्मुक्तिका लागि लिन डोल्माले हरेक सरकारको पालामा 'लबिङ' गरेकी थिइन्।

» बाँकी पृष्ठ ६

## अमेरिकी अटो उद्योग आर्थिक संकटमा, फोर्ड पनि प्रभावित

**न्युयोर्क** (एजेन्सी): अमेरिकी अटोमोबाइल निर्माता फोर्ड मोटर कम्पनीले सन् २०२५ को चौथो त्रैमासिकमा घाटा बेहोरेको जनाएको छ। यो सन् २००८ को विश्वव्यापी आर्थिक मन्दीपछि देखिएको सबैभन्दा ठूलो त्रैमासिक नोक्सानमध्ये एक हो।

उक्त अवधिमा कम्पनीले करिब ४५ दशमलव ९ अर्ब डलर आम्दानी गरेको भए पनि उच्च आयात शुल्क, कच्चा पदार्थको मूल्यवृद्धि, उत्पादन लागतमा वृद्धि तथा आपूर्ति शृंखलामा आएको अवरोधका कारण नाफा प्रभावित भएको कम्पनीले जनाएको छ। विशेषगरी केही आयातित अटो पार्ट्समा लाग्ने अतिरिक्त कर र शुल्कले वित्तीय दबाब बढाएको उल्लेख गरिएको छ। कम्पनीले विद्युतीय सवारी साधन कार्यक्रमतर्फ गरिएको ठूलो लगानी र संरचनात्मक पुनर्संरचनासम्बन्धी खर्चले पनि घाटा बढाउन भूमिका खेलेको बताएको छ। विद्युतीय सवारी उत्पादन विस्तार गर्ने क्रममा प्रारम्भिक चरणमा उच्च लागत व्यहोर्नुपरेको विश्लेषकहरूले बताएका छन्।

फोर्डका प्रमुख कार्यकारी अधिकृतले आगामी वर्ष लागत नियन्त्रण, उत्पादन दक्षता वृद्धि र प्रतिस्पर्धी मोडेल विकासमार्फत वित्तीय अवस्थामा सुधार ल्याउने लक्ष्य रहेको बताएका छन्।

# बलियो मानसिकता बोकेर इटालीसँग भिड्दै नेपाल

**नमिता दाहाल** | *मुम्बई*

नेपालले आईसीसी टीट्वेन्टी विश्वकप २०२६ अन्तर्गत दोस्रो खेल इटालीसँग बिहीबार खेल्दै छ। पहिलोपटक विश्वकप खेलिरहेको इटालीका लागि नेपाल बलियो प्रतिस्पर्धी हो।

नेपालले पहिलो खेल इङ्ल्यान्डसँगको अनुभव लिएर इटालीसँग मैदानमा निस्कँदैछ। यूएईलाई वार्मअप खेलमा १ सय १२ रनको बलियो जित निकालेपछि इटाली बलियो आत्मविश्वाससहित नेपालसँग खेल्ने तयारीमा छ।

इङ्ल्यान्डसँगको खेलपछि नेपाली खेलाडीको मानसिकता निकै बलियो रहेको छ। इटालीसँगको खेलमा जितका लागि आफूहरू तयार रहेको नेपाली खेलाडी बताउँछन्। नेपालका लागि यो विश्वकपमा ५ जना खेलाडीले पहिलोपटक विश्वकप खेल्दै छन्। जसमा नेपालका लागि एकदिवसीय भरपर्दो मानिएका खेलाडी आरिफ शेखले अन्नपूर्णसँग भने, 'इटाली राम्रो टिम हो।

हामी इटालीसँगको खेलको लागि तयार छौं। हामी उनीहरूलाई सहज प्रतिद्वन्द्वीको रूपमा भने हेर्ने छैनौं।' नेपाली टिम सुपर ८ को लक्ष्य राखेर यो विश्वकप खेलिरहेको उनले बताए। 'सुपर ८ नपुग्दासम्म हाम्रा लागि हरेक खेल महत्वपूर्ण




हुन्छन,' शेखले भने, 'इङ्ल्यान्डसँगको खेल जितेको भए हाम्रो लागि सुपर ८ को सम्भावना अझ बलियो हुने थियो।'

सन् २०१८ मा नेपालको लागि टीट्वेन्टी अन्तर्राष्ट्रियमा डेब्यू गरेका आरिफले पहिलोपटक विश्वकप खेल्दै छन्। उनले आफ्नो पहिलो विश्वकपको अनुभव साट्दै भने, 'मेरो र मेरो परिवारका लागि यो निकै गर्वको क्षण हो। म विश्वकपमा पहिलोपटक मेरो देशको प्रतिनिधित्व गरिरहेको छु। मेरो देश र टिमका लागि चाहिएको अवस्थामा जतिबेला पनि आफ्नो जिम्मेवारी पूरा गर्न तयार छु।'

पहिलोपटक विश्वकप खेलेका आरिफका भाइ आसिफ शेख भने दोस्रो विश्वकप खेल्दै छन्। पहिलोपटक सन् २०२४ को विश्वकप खेलेका आसिफले इटालीसँगको खेलमा टिमको मानसिकता जित्ने नै रहेको बताए। उनले भने, 'इङ्ल्यान्डसँगको खेलपछि हामीले यो स्तरको खेल खेल्न तयार र लायक छौं भन्ने अनुभव भयो।' इङ्ल्यान्डसँगको खेलपछि नेपालले जुनसुकै देशलाई पनि हराउन सक्छ भन्ने आत्मविश्वास नेपाली टिममा आएको आसिफले बताए। 'हामीले इङ्ल्यान्डसँगको खेलपछि राम्रो क्रिकेट खेल्यौं भने हामीले जस्तोसुकै राष्ट्रलाई पनि हराउन सक्छौं भन्ने अनुभव भयो,' उनले भने।

इटालीलाई नेपाली टिमले सहज प्रतिस्पर्धीको रूपमा नलिएको उनले बताए। 'इटाली राम्रो टिम हो। पछिल्लो समय उनीहरूले राम्रो क्रिकेट खेलिरहेका छन्,' उनले भने, 'उनीहरूसँगको खेल सहज भने हुने छैन। हामी हाम्रो ट्रेनिङ सेसनमा गरेको तयारीमा विश्वास राख्छौं। हामी प्रतियोगिताभरि नै हरेक टिमलाई कडा प्रतिस्पर्धा दिने तयारीमा रहेका छौं।'

नेपाली खेलाडीहरू खेलसँगै मानसिक रूपमा पनि तयार छन्। पहिलो खेलमा इङ्ल्यान्डसँगको झिनो हारपछि कप्तान रोहितकुमार पौडेल केही अनफिल्ड र अफफिल्ड निर्णय र रणनीतिको परिवर्तनको अपेक्षा गर्छन्। उनले खेलअघिको पत्रकार सम्मेलनमा भने, 'केही मैदानभित्रको निर्णयहरू समयमा नै लिन सकेको खण्डमा टिमका लागि राम्रो हुनेथियो।' उनले रणनीतिक पक्षमा कुरा गर्दै भने।

विश्वकप जस्तो ठूलो स्तरमा खेलिरहँदा मैदानभित्रको दबाब सम्हाल्न सक्नुपर्ने उनले बताए। 'विश्वकप खेल्दा दबाब हुन्छ। जसले दबाब झेल्न सक्छ त्यही टिमले जित्ने हो,' पौडेलले भने, 'हामीले विश्वकपमा पहिलो खेल नै विश्वको एक उत्कृष्ट टिमसँग खेलिसकेका छौं। त्यसका कारण हामीले इटालीसँगको खेल खेल उच्च मनोबल र आत्मविश्वासका साथ खेल्ने छौं।'

» बाँकी पृष्ठ ६